
# नगर यातायात योजना

(आ.व.२०८१/०८२-२०८५/०८६)




# मण्डनदेउपुर नगरपालिका

**महादेवस्थान, काभ्रेपलाञ्चोक**

बागमती प्रदेश

# शव्द सार (Acronyms)

| | |
|---|---|
| आ.व. | आर्थिक वर्ष |
| कि.मि | किलोमिटर |
| के.जी | किलोग्राम |
| झो.पु. | झोलुङ्गे पुल |
| प्र. व. कि. मि | प्रति वर्ग किलोमिटर |
| मि | मिटर |
| मेटन | मेट्रिक टन |
| रु: | नेपाली रुपिया |
| DCRN; DR | District Road |
| DPR | Detail Project Report |
| MTMP | Municipal Transport Master Plan |
| NPHC | National Population and Housing Census |
| ROW | Right of Way |

# विषय सूची


शव्द सार १
परिच्छेद १ ३
परिचय ३
१.२ योजना तर्जुमा विधि ३
१.३ परिसिमन ४
परिच्छेद २ ५
विद्यमान अवस्था ५
२.१ सम्भावना तथा अवसर ५
२.२ चुनौती ५
२.३ सडक सम्वन्धी विवरण ५
२.३.१ सडकको लम्बाइ तथा घनत्व ५
२.३.२ सडक सञ्जाल ६
२.३.३ सडकको बर्गीकरण ६
२.३.४ सार्वजनिक सवारी साधन सञ्चालन भएका सडकहरु (सवारी रुट) ७
परिच्छेद ३ ८
नगर यातायात योजना ८
३.१ लक्ष्य, उद्देश्य र कार्यनीति ८
३.१.१ लक्ष्य ८
३.१.२ उद्देश्य ८
३.१.३ कार्यनीतिहरु ८
३.२ नतिजा तथा सूचक ९
३.३ प्रमुख कार्यकम र बजेट ९
३.४ वर्षभरी सार्वजनिक यातायात सेवा सुचारु हुने सडक रुटहरु १०
३.५ यातायात सुचारु गर्न पूर्वशर्त ११
परिच्छेद ४ १२
कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन व्यवस्था १२
४.१ कार्यान्वयन संस्थागत व्यवस्था १२
४.२ अनुगमन तथा प्रतिवेदन १२
४.३ मध्यावधि मूल्याङ्कन १३
४.४ अन्तिम मूल्याङ्कन १३
अनुसूची- १ १४
सडक पूर्वाधार नतिजा, सूचक तथा कार्यक्रम र बजेट १४
सन्दर्भ सामग्री १७

# परिच्छेद १
# परिचय

## १.१ पृष्ठभूमि

मण्डनदेउपुर नगरपालिकाको भूक्षेत्रफल ८९ व.कि.मि. रहेको छ। समुन्द्र सतहवाट ७५० देखि १८५० मिटर सम्मको उँचाइमा अवस्थित यस क्षेत्रलाई पूर्व दक्षिणमा अरनिको राजमार्गको पाँचखाल खण्ड र मेलम्ची हेलम्बु सडक, र पश्चिममा काठमाडौं- नगरकोट सडक र पर्यटकीय नगर नगरकोटले रणनीतिक स्थान दिएको छ। सङ्घीय राजधानी काठमाडौंबाट ५५ कि.मि. उत्तर-पूर्वमा रहेको यो नगरपालिकामा १२ वटा वडा रहेका छन्। वडाहरूको अवस्थिति पश्चिम- पूर्व फैलिएर रहेको छ। नगर क्षेत्रमा कूल सडक सञ्जालको लम्बाई करीब ३३७ कि.मि. रहेको छ। सो मध्ये १५.२ कि.मी. रणनैतिक सडक, ६६.६ कि.मि. जिल्लास्तरका सडक, १७०.४ कि.मि. नगरस्तरका सडक र ८४.६४ कि.मि. गाउँस्तरका सडक रहेका छन्।. विद्यमान जिल्लास्तरका सडक संजालले यस नगरपालिकाका सबै वडा केन्द्रहरू.लाई जोडेको छ।

मण्डनदेउपुर नगरपालिकाको नगर यातायात योजना स्थानीय सार्वजनिक यातायातको एक अंग हो जसले यस क्षेत्रमा सार्वजनिक यातायात सञ्चालनको लागि न्यूनतम् आधार प्रदान गर्दछ । यसले विद्यमान गतिशीलतामा आधारित भै भविष्यमा यातायात क्षेत्रको विकासको लागि दिशानिर्देश गर्दछ । संघियता कार्यान्वयन सँगै सेवा प्रवाहका केन्द्र तथा स्थान समेत परिवर्तन भएका छन् । तसर्थ रणनीतिक कनेक्टिभिटीको अवधारणा आत्मसाथ गरी यातायात प्रणालीको विकास, विस्तार र उपयोग गरिनुपर्छ । यातायात योजनाको विगतको अवस्थाले मात्र भोलीको भविष्यवाणी गर्न नसकिने हुँदा यातायात व्यवस्थापनलाई जलवायु परिवर्तन, नयाँ प्रविधिहरू, नागरिकको आवश्यकता र जीवन शैली तथा यदाकदा देखापर्ने महामारी र विपद्का घटनाहरुलाइ समेत ध्यान पुर्याउनुपर्ने हुन्छ ।नगर यातायात योजनामा मण्डनदेउपुर नगरपालिकाको यातायात पूर्वाधारको भविष्यको आवश्यकता अनुरूप कनेक्टिभिटीलाई सम्बोधन गर्न स्रोत व्यवस्थापन समेत गरिएको छ । नगर यातायात योजना अनुरूप पहिचान, वर्गीकरण र प्राथमिकता गरिएका नगरपालिकाभित्रका सडकहरुको लागि बजेट सुनिश्चित गरी स्वीकृत मापदण्डका आधारमा प्राथमिकतामा राखिएका सडकको निर्माण, स्तरोन्नति, मर्मत सम्भार र पुनर्निर्माण गरिनेछ।

## १.२ योजना तर्जुमा विधि

### १.२.१ कार्य विवरण

मण्डनदेउपुर नगरपालिकाको आवधिक नगर विकास योजना तर्जुमा संगसंगै नगर यातायात योजना तयार गरिएको हुदा सोही अनुसार कार्य हुने गरी नगरपालिकावाट कार्य विवरण दिइएको थियो।

### १.२.२ प्रकृया

**<u>सूचना संकलन</u>**

नगरपालिकाको घरधुरी सर्वेक्षण र पार्श्वचित्र (डिजिटल प्रोफाइल), २०८१ मा रहेका तथ्यांक र सूचना प्राथमिक स्रोत रहेका छन्। द्वितीय स्रोतको रुपमा नगरपालिकाका विषयगत शाखाहरुबाट उपलब्ध सूचना तथा तथ्यांक र राष्ट्रिय तथ्यांक कार्यालय र संघीय निकायका तथ्यांक प्रयोग गरिएको छ। मण्डनदेउपुर नगरपालिकाको नगर यातायात गुरु योजना सूचनाको अर्को महत्वपूर्ण श्रोत रहेको छ।

**योजना तर्जुमा सम्वन्धी गोष्ठी**

आवधिक नगर विकास योजनाको उद्देश्य, महत्व र साझेदार निकायहरुको भूमिका सम्बन्धी विषयहरुमा नगरपालिकाका पदाधिकारी, विषयगत शाखा प्रमुख, राजनीतिक दल र अन्य साझेदारहरुलाई अभिमुखिकरण गरिएको थियो । साथै नगरपालिकाका १२ वटै वडाहरुमा वडास्तरीय योजना तर्जुमा परामर्श गरिएको थियो । परामर्शमा वडा समिति, प्रमुख राजनीतिक दलका प्रतिनिधि, वडा सचिव, कर्मचारी, महिला समूह, बालक्लब, कृषक समूह, विद्यालय, समाजसेवी, बुद्धिजीबी, जानकार व्यक्ति, दलित, बिपन्न, आपांगता भएका र सीमान्तकृत वर्गको सहभागिता रहेको थियो । यसै गरी नगरपालिकाका पदाधिकारी, राजनीतिक दल, नगर नीति तथा योजना आयोग, कर्मचारी, निजी क्षेत्र, सहकारी, गैर सरकारी संस्था लगायत स्थानीय बासिन्दाको सहभागिता रहेको कार्यशालामा नगरपालिकाको दीर्घकालिन सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम र बजेट सम्बन्धमा छलफल र अन्तरकृया भइ नगर आवधिक नगर विकास योजना संगै नगर यातायात योजना तर्जुमाको काम भएको थियो ।

**विश्लेषण र दस्तावेज लेखन**

योजना तर्जुमा कार्यशालाबाट प्राप्त सुझावहरु र नगरपालिकाको समग्र सामाजिक आर्थिक अवस्थाको विश्लेषणका साथ विज्ञ टोलीबाट योजनाको मस्यौदा लेखन सम्पन्न भएको हो । मस्यौदामा विभिन्न तहमा भएका छलफलहरुबाट सुझाव लिइएको थियो । प्राप्त सुझावहरु सहितको परिमार्जित मस्यौदा दस्तावेज प्रमाणीकरण कार्यशालामा प्रस्तुत भइ परिमार्जित दस्तावेज मण्डनदेउपुर नगरपालिकामा पेश गरिएको हो ।

**आवधिक नगर विकास योजना स्वीकृती**

यो नगर यातायात योजना नगर सभावाट स्वीकृत भई कार्यान्वियनमा आएको छ ।

## १.३ परिसिमन

नगर वस्तुगत विवरण (प्रोफाईल) तयारीका साथै आवधिक नगर विकास योजना र नगर यातायात योजना तर्जुमा प्रकृया साथसाथै गर्नु परेको कारण कतिपय सूचना प्राप्त गर्न नसकिएको अवस्थामा द्वितीय स्रोतका तथ्याङ्क एवम् सूचना प्रयोग गरिएका छन् । नगर यातायात योजनाको एक महत्वपूर्ण भागको रुपमा रहने सडक, पुल तथा सडकका सहायक पूर्वाधार संग सम्बन्धि योजना, कार्यक्रम, बजेट तथा नतिजाहरु आवधिक नगर विकास योजनाको पूर्वाधार विकास खण्डमा उल्लेख गरिएका छन् ।

# परिच्छेद २
# विद्यमान अवस्था

## २.१ सम्भावना तथा अवसर

- नगरपालिकाको पूर्वाधार विकास ऐन तथा नगर यातायात गुरु योजना (MTMP) तयार भएको,
- सडक स्तरोन्नति शुरु भएको,
- झोलुङ्गे पुल तथा सडक पुल निर्माण शुरु भएको,
- धुलिखेल, बनेपा र काठमाडौं उपत्यकाबाट नजिक रहेको,
- नगरपालिका क्षेत्रमा १५ कि.मी रणनैतिक सडक र ६७ कि.मि. जिल्ला/प्रदेशस्तरका सडक रहेका,
- नगरपालिकाका सबै वडा केन्द्रमा सडक संजालले समेटेको,
- सडक पुल र झोलुङ्गे पुल गरी यस नगर क्षेत्रमा १५ वटा पुलहरू रहेको ।

## २.२ चुनौती

- मापदण्ड बमोजिम सडक विस्तार गर्न नसकिएको
- सडकको स्तरोन्नति गर्न नसकिएको ।

## २.३ सडक सम्वन्धी विवरण

### २.३.१ सडकको लम्बाइ तथा घनत्व

मण्डनदेउपुर नगरपालिकामा अनुसार सडकको लम्बाइ, क्षेत्रफल, जनसंख्या र घनत्व देहाय वमोजिम रहेको छ ।

| वडा नं. | सडकको लम्बाइ (किमी) | क्षेत्रफल (वर्ग किमी) | जनसंख्या २०८१ | घनत्व (किमी/वर्ग किमी) | घनत्व (किमी/१००० जनसंख्या |
|---|---|---|---|---|---|
| १ | ३१.३० | ९.१३ | २७४६ | ३.४३ | ११.४० |
| २ | ३८.०३ | ११.२६ | २६९२ | ३.३८ | १४.१३ |
| ३ | ३५.२६५ | ८.१२ | २०१९ | ४.३४ | १७.४७ |
| ४ | २५.७८६ | ४.६६ | २१३२ | ५.५३ | १२.०९ |
| ५ | २४.७४२ | ५.४ | १८८६ | ४.५८ | १३.१२ |
| ६ | ६.३७५ | २.३९ | ३३३७ | २.६७ | १.९१ |
| ७ | ३३.९४२ | १०.०३ | ३०७३ | ३.३८ | ११.०५ |
| ८ | २८.१६४ | ५.२९ | २७१५ | ५.३२ | १०.३७ |
| ९ | ३१.०५३ | ६.८१ | २३५२ | ४.५६ | १३.२० |
| १० | ४०.०१९ | ९.५२ | २७०२ | ४.२० | १४.८१ |
| ११ | ३१.८३५ | ८.२५ | २८२४ | ३.८६ | ११.२७ |
| १२ | १७.५८७ | ७.७५ | १९०३ | २.२७ | ९.२४ |
| जम्मा/औषत | **३४४.०९८** | **८९** | **३०३८१** | **३.८८** | **११.३३** |

*स्रोतः जनसंख्याः राष्ट्रीय जनगणना २०७८, अन्यः नगर यातायात गुरुयोजना, मण्डनदेउपुर नगरपालिका*

## २.३.२ सडक सञ्जाल

मण्डनदेउपुर नगरपालिकाबाट तीनवटा फिडर सडकहरू गएका छन् तर कुनै पनि राष्ट्रिय राजमार्गहरू यस नगरपालिका भएर जादैनन् । F030 कोड भएको जीरोकिलो-कुन्ताबेसी-सिपाघाट खण्ड नगरपालिका हुँदै जाने फिडर सडक हो । यसले मेलम्ची र हेलम्बुलाई मण्डनदेउपुर नगरपालिकाको दक्षिणतर्फ पाँचखाल नगरपालिकाको अरनिको राजमार्गसँग जोड्छ। नगरपालिकाका प्रमुख बजार क्षेत्रमा राम्रो प्रभाव पार्ने DCRN सडकहरू F030 फिडर रोडको जीरोकिलो-कुन्तबेसी-सिपाघाट खण्डबाट निस्किन्छन्। तलको तालिकाले नगरपालिका क्षेत्रबाट जाने फिडर सडकहरूको विवरण देखाउँछ।

| सड्क कोड | फिडर सडकको नाम | लम्बाइ (किमी) | सड्क सतह प्रकार | | कैफियत |
|---|---|---|---|---|---|
| | | | कालोपत्रे (किमी) | ग्राभेल (किमी) | |
| F030 | जिरो किलो-कुन्ताबेशी-सिपाघट खण्ड | ८.९२० | – | ८.९२० | |
| F096 | नगरकोट-कार्तिके खण्ड | १.८०० | १.८०० | – | |
| F098 | नगरकोट-अधिकारीगाऊं खण्ड | ४.३०० | ४.३०० | – | |
| | **जम्मा** | **१५.०२०** | **६.१००** | **८.९२०** | |

## २.३.३ सडकको बर्गीकरण

तलको तालिकाले विभिन्न वर्गका सडकको लम्वाई विवरण देखाउँछ।

| क्र.सं. | विवरण | सडकको लम्वाई (किमी) |
|---|---|---|
| १ | रणनीतिक सडक खण्डहरू (सड्क विभाग मातहत) | १५.०२० |
| २ | DCRN सडकहरू (प्रदेश सरकार मातहत) | ६६.६३० |
| ३ | सहरी सडक | १७०.४०० |
| ४ | टोल सडक | ८४.६४० |
| | **सडक सञ्जालको कुल लम्बाइ** | **३३६ .६९** |
| | **सडकको किसिम** | |
| १ | कालोपत्रे सडक | ५.८३५ |
| २ | ग्राभेल सडक | ६७.१४६ |
| ३ | माटे/कच्ची सडक | २६३.७१० |
| | **जम्मा सडक** | **३३६ .६९** |

तलको तालिकाले विभिन्न वर्गका सडकको संख्या देखाउँछ।

| सड्कको वर्ग | सड्क कोड | सड्क संख्या | ROW |
|---|---|---|---|
| A | DCRN सडकहरू (२४M०८A००१ देखि २४M०८A००६ सम्म) | ६ | २० मी |
| B | मुख्य कलेक्टर शहरी सडकहरू (२४M०८B००१ देखि २४M०८B०१७) | १७ | १४ मी |
| C | अन्य कलेक्टर शहरी सडकहरू र मुख्य टोल सडकहरू (२४M०८C००१ देखि २४M०८C०२३) | २३ | १०/८ मी |

| सड्कको वर्ग | सड्क कोड | सड्क संख्या | ROW |
|---|---|---|---|
| D | अन्य टोल सडकहरू (२४M०८D००१ देखि २४M०८D०३६) | ३६ | ६ मी |

नोटः

१. A वर्गका सडकहरू DCRN सडकहरू हुन् र यो सडकहरुको व्यवस्थापन वागमती प्रदेश सरकारले गर्ने गर्दछ ।

२. A देखि D वर्ग सम्मका सडकहरूको कुल संख्याः ८२ रहेको छ ।

३. ROW - Right of Way ।

## २.३.४ सार्वजनिक सवारी साधन सञ्चालन भएका सडकहरु (सवारी रुट)

| क्र स. | सडक मार्ग को नम्बर | सवारी साधनको प्रकार | सवारी साधनको संख्या | सर्भिङ रोड |
|---|---|---|---|---|
| १ | काठमाडौं-बनेपा-जिरोकिलो-सिपाघाट-मेलम्ची-तिम्बु | मिनी बस | २२ | फिडर रोड |
| २ | भक्तपुर-नगरकोट-देउपुर | मिनी बस | १ | फिडर रोड, DCRN |
| ३ | देउपुर-हिगुवापाटी-जीरो किलो-बनेपा | मिनी बस | १ | फिडर रोड, DCRN |
| ४ | हिगुवापाटी -चण्डेनी | मिनी बस | १ | सहरी सडक |
| ५ | हिगुवापाटी -दोलालघाट | मिनी बस | १ | DCRN |
| स्रोत :नगर यातायात गुरु योजना, मण्डन देउपुर नगरपालिका | | | | |

# परिच्छेद ३
# नगर यातायात योजना

## ३.१ लक्ष्य, उद्देश्य र कार्यनीति

### ३.१.१ लक्ष्य

आर्थिक, सामाजिक, सांस्कृतिक र पर्यटन विकासलाई प्रवर्द्धन गर्ने भरपर्दो, सस्तो र दिगो यातायात प्रणालीको विकास गर्ने।

### ३.१.२ उद्देश्य

सार्वजनिक यातायातका साधन सुचारू रूपले संचालन गर्नु ।

### ३.१.३ कार्यनीतिहरु

१. नगरपालिकाका प्रत्येक वडा केन्द्रवाट नगरपालिकाको केन्द्र, महादेवस्थान सम्म भाडाका बस/जिप/टेम्पो चल्ने गरी संजाल निर्माण गरिनेछ ।
२. विहान, दिउसो र साँझ गरी दिनको कम्तिमा तिन पटक तोकिएको समयमा सार्वजनिक सवारी साधन उपलव्ध हुने व्यवस्था मिलाईनेछ । यसको लागि नगरपालिकाले आवागमनको आधारमा सड्क रूट प्राथमिकता सहितको मापदण्ड तयार गरी निजी क्षेत्रलाई प्रोत्साहन अनुदान दिनेछ ।
३. दिगो र भरपर्दो सेवाका लागि यात्रु तथा सामान ओसारपसार गर्ने भाडाका सवारी साधन संचालन गर्न निश्चित समय र अवधि तोकिनेछ र सोही अनुसार सेवा प्रदान गर्ने व्यवस्था मिलाईनेछ ।
४. यात्रु तथा सामान ढुवानी गर्ने सवारी/ढुवानी भाडा तोकि कडाईका साथ लागु गरिनेछ ।
५. स्थानीय नागरिक तथा पर्यटकहरुको सुविधाको लागि भाडाका सवारी साधन रोक्ने ठाउँ (वस स्टप) तोकी प्रतिक्षालयको व्यवस्था गरिनेछ र सवारी साधन सोही अनुसार संचालन हुने व्यवस्था मिलाईनेछ ।
६. सवारी साधनले निश्चित सिमा भन्दा वढी धुवा फाल्ने, धुलो उडाउने, हर्न वजाउने र वायु प्रदुषण गर्ने कार्य नगर्न र स्वास्थ्य संस्था र विद्यालय क्षेत्रमा हर्न निषेध गर्न सवारी चालकहरुलाई सचेत गराईनेछ ।
७. सडक तथा सडक सहायक पूर्वाधारको उपयोग, सुरक्षा र संरक्षणका लागि सार्वजनिक सेवा प्रदान गर्ने यातायात व्यवसायीहरुसंग नियमित रुपमा अन्तरक्रिया गरी उनीहरुलाई जवाफदेही वनाईनेछ ।
८. नगरवासीहरुले आफ्नो व्यापार, व्यवसाय, सेवा, रोजगारी तथा अन्य कार्यको लागि नगर क्षेत्रमा भ्रमण गर्दा वा सामान ढुवानी गर्दा सार्वजनिक यातायातका साधनको प्रयोग गर्न सक्ने व्यवस्था मिलाईनेछ ।
९. काठमाडौं/ भक्तपुर र वनेपा/धुलिखेल लगायत अन्य क्षेत्रवाट महादेवस्थान हुदै मेलम्ची तर्फ जाने र मेलम्ची तर्फवाट फर्कने सवारी साधनहरुको आवागमनलाई व्यवस्थित गरिनेछ ।

## ३.२ नतिजा तथा सूचक

| क्र. सं. | नतिजा | सूचक | एकाई | आधार वर्षको अवस्था (२०७९/८०) | आवधिक योजनाको अन्त्यको स्थिति (२०८५/८६) |
|---|---|---|---|---|---|
| | **उद्देश्यः सार्वजनिक यातायातका साधन सुचारू रूपले संचालन गर्नु ।** | | | | |
| १ | वडा र नगरपालिकाको केन्द्रसम्म सार्वजनिक यातायात संचालन भएको हुनेछ | नियमित मर्मत सम्भार गरिएका सडक | किमी | - | ३० |
| | | आवधिक मर्मत सम्भार गरिएका सडक | किमी | - | ३० |
| | | यातायात सेवा सुचारु भएको सड़क | रुट संख्या | - | ९ |

## ३.३ प्रमुख कार्यक्रम र बजेट

| क्र. सं. | कार्यक्रम | नयाँ/ क्रमागत | एकाइ | परिमाण | वडा नं. /स्थल | बजेट अनुमान (रु ००० मा) |
|---|---|---|---|---|---|---|
| **नतिजा क्षेत्र १ः वडा र नगरपालिकाको केन्द्रसम्म सार्वजनिक यातायात संचालन भएको हुनेछ** | | | | | | |
| १.१ | नियमित तथा आपतकालिन सडक मर्मत सम्भार | क्रमागत | किमी | ३० | चालु सड़क | १००० |
| १.२ | आवधिक सडक मर्मत सम्भार | क्रमागत | किमी | ३० | चालु सड़क | ६००० |
| १.३ | यातायात व्यवस्थापन (वर्षभरी यातायात सेवा सुचारु हुने सड़क) | क्रमागत | रुट संख्या | ९ | सबै वडाहरु | १३००० |
| १.४ | नगरकोट-सिपाघाट सड़क खण्ड, कुन्ता बेसी र अन्य बजार क्षेत्रमा सड़क बत्ती राख्ने | नयाँ | किमी | ५ | बजार क्षेत्र | २५०० |
| १.५ | सडकमा ट्राफिक संकेत र सडक फर्निचर राख्ने | नयाँ | किमी | १० | आवश्यक स्थान | २००० |
| १.६ | यात्रु प्रतिक्षालय निर्माण | नयाँ | संख्या | १५ | वडा र अन्य स्थान | ६००० |
| १.७ | सडक पेटी निर्माण | नयाँ | किमी | ३ | बजार क्षेत्र | २००० |
| १.८ | सड़क ढल निर्माण | नयाँ | मी | ५०० | बजार क्षेत्र | ५००० |
| | **जम्मा** | | | | | **३७५००** |

## ३.४ वर्षभरी सार्वजनिक यातायात सेवा सुचारु हुने सडक रुटहरु

मण्डनदेउपुर नगरपालिकाका सवै १२ वटै वडाका नागरिकहरुलाई नगर कार्यपालिका र अन्य सार्वजनिक सेवास्थलहरु सम्म आवागमन सहज हुनेगरी देहायका रुटहरुमा वर्षभर सार्वजनिक यातायातका सवारी साधनहरु संचालन हुनेछन् । यसका अलावा सार्वजनिक ढुवानीका साधन र निजी सवारी साधनहरु समेत आवश्यकता अनुसार आवत जावत गर्नेछन् ।

| रू.ट नं | यातायात रू.ट | रूटमा पर्ने स्थानहरू. | यातायातका साधन | कैफियत |
|---|---|---|---|---|
| १ | कुन्ता-नगरकोट | कुन्ताबजार-धाइटार-छेडा-चैनपुर-बयरबोट-नयाँगाउ-सिङ्गे-रोहिणी-साठीकुरिया-नाल्दुम-त्रिवेणीखोला चोक-नगरकोट चोक | मिनि बस, जीप | यो रूट जिरोकिलो-मेलम्ची सडक (Feeder road) खण्डको कुन्ता बजारवाट शुरू हुन्छ । वडा नं ७, ८, ४, ३ र २ का केही भागहरू. यस रूटमा जोडिएका छन् ।<br>यस रूटले भक्तपुर-नगरकोट-हिगुवापाटी-दोलालघाट सडकको त्रिवेणीखोला चोक देखि नगरकोट चोक सम्म करिव १ किमि क्षेत्रमा सडक ओभरल्याप गर्छ । |
| २ | हिगुवापाटि-नगरकोट | हिगुवापाटी-गैरिबिसौना-सल्लेबास-मेसागाउँ-बालुवापाटी- नगरकोट | मिनि बस, जीप | यो रूट जिरोकिलो-मेलम्ची सडक (Feeder road) खण्डको हिगुवापाटी चोकवाट शुरू हुन्छ । वडा नं ७, ६, ५ र २ का केही भागहरू. यस रू.टमा जोडिएका छन् । |
| ३ | हिगुवापाटि-दोलालघाट | हिगुवापाटी चोक-महादेवस्थान-रायवारी-जोगिटार-हल्देटार-सान्डीहिबेसी-दोलालघाट चोक | मिनि बस, जीप | यो रूट जिरोकिलो-मेलम्ची सडक (Feeder road) खण्डको हिगुवापाटी चोकवाट शुरू हुन्छ । वडा नं ७, ९, १० र १२ का केही भागहरू यस रूटमा जोडिएका छन् । |
| ४ | सिपाघाट-थारखोला-चुरीथुम्का-कार्तिके | तिनकुने सिपाघाट-अधेरी-महांकाल-थार खोला-चुरीथुम्का- हलादे-कार्तिके | मिनि बस, जीप | यो रूट जिरोकिलो-मेलम्ची सडक (Feeder road) खण्डको तिनकुने सिपाघाट वाट शुरू हुन्छ । वडा नं ६, ५ र १ का केही भागहरू यस रूटमा जोडिएका छन् । |
| ५ | महादेवस्थान-चंदेनी-कोलाचौर | महादेवस्थान-जितारीपोखरी-गहते-पौवा-मैदान-चण्डेनी-रामपुर-कोलाचौर | मिनि बस, जीप | यो महादेवस्थानवाट शुरू. हुने स्थानीय सडक रूट हो र वडा नं ७, ९, १० र १२ का केही भागहरू यस रू.टमा जोडिएका छन् । |
| ६ | फेदी-चण्डेनी-छाप | फेदी-न्यौपानेगाउँ-गैराथोक-भाटपोल-चण्डेनी-छाप | मिनि बस, जीप | यो फेदीवाट शुरू हुने स्थानीय सडक रूट हो र वडा नं ११ र १२ का केही भागहरू यस रूटमा जोडिएका छन् । |
| ७ | फेदी-तिमिल्सिनागाउँ-कोट्याङ्ग | फेदी-तिमिल्सिनागाउँ-चिनेको पैरो-कोट्याङ्ग (पाँचखाल नपा १ सिमाना) | मिनि बस, जीप | यो फेदीवाट शुरू हुने स्थानीय सडक रूट हो र वडा नं ११ र ८ का केही भागहरू यस रूटमा जोडिएका छन् । |
| ८ | ट्यांकीडांडा-काशी भञ्ज्याङ्ग | ट्यांकीडांडा-हिले-अनेकोट-काशी भञ्ज्याङ्ग ( बनेपा नपा १ सिमाना) | मिनि बस, जीप | यो ट्यांकीडांडीवाट शुरू हुने स्थानीय सडक रूट हो र वडा नं ३ का केही भागहरू यस रूटमा जोडिएका छन् । |

| रू.ट नं | यातायात रू.ट | रूटमा पर्ने स्थानहरू. | यातायातका साधन | कैफियत |
|---|---|---|---|---|
| ९ | फेदी - सिपाघाट बैकल्पिक सडक | फेदी-केदारवस्ती-ढाईटार-पौवाटार-लम्सालथुम्का-बाघखोर-कोदारी-सिपाघाट | मिनि बस, जीप | यो फेदीवाट शुरू हुने स्थानीय सडक रूट हो र वडा नं ११, ८, ७ र ६ का केही भागहरू यस रूटमा जोडिएका छन् । |

## ३.५ यातायात सुचारु गर्न पूर्वशर्त

नगर यातायात व्यवस्था योजना सम्बधी नतिजा हासिल गर्न मुख्य तथा सहायक सडक पूर्वाधार तर्फ देहायका कार्य गर्नु पर्नेछ । कालोपत्रे, ग्रावेल र सड़कको ट्रायक खोल्ने बजेट मण्डनदेउपुर नगरपालिकाको आवधिक नगर विकास योजनाको पूर्वाधार विकास खण्ड अन्तर्गत दफा ७.२.५ मा समाबेश गरीएको छ जसको विवरण अनुसूची १ मा राखिएको छ ।

- ३० किमी सड़कको नियमित तथा आपतकालीन मर्मत सम्भार ।
- ३० किमी सड़कको आवधिक मर्मत सम्भार ।
- ५० किमी सड़क कालोपत्रे ।
- ७५ किमी सडक ग्रावेल गरी स्तरोन्नति ।
- ५० किमी सडकको ट्र्याक खोल्नु/निर्माण ।

# परिच्छेद ४
# कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन व्यवस्था

## ४.१ कार्यान्वयन संस्थागत व्यवस्था

नगर यातायात योजना नगरसभाबाट स्वीकृत भए पश्चात कार्यान्वयनमा लगिनेछ । नगर यातायात योजनाका नतिजा, कार्यक्रम तथा प्राथमिकताहरू वार्षिक योजना/कार्यक्रम तथा बजेटमा समावेश गरी कार्यान्वयन गरिनेछ । वार्षिक योजना तथा बजेट तर्जुमा गर्दा नगर यातायात योजना र आवधिक नगर विकास योजनाको समग्र लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति तथा कार्यक्रमलाई आधार मानिनेछ । आवश्यकता अनुसार योजना कार्यान्वयन सम्बन्धी निर्देशिका, मापदण्ड, कार्यविधि तथा कार्यान्वयन विधि तयार गरिनेछन् । योजना कार्यान्वयन विधि, कार्यान्वयन समयतालिका, निकायगत भूमिका सहितको वार्षिक कार्यान्वयन योजना तयार गरिनेछ । एकीकृत वार्षिक योजना तथा बजेट तर्जुमाको नमुना खाका अनुसूची २ मा दिईएको छ । यसलाई आवश्यकता अनुसार परिमार्जन गरी सोही आधारमा वार्षिक नगर यातायात र वार्षिक नगर विकास योजना तर्जुमा गर्नुपर्दछ ।

नगरपालिकाले निर्धारण गरेको मापदण्ड अनुसार कार्यान्वयन गर्ने निकायसँग सम्झौता गरेर मात्र योजना सञ्चालन गरिनेछन् । गैसस, उपभोक्ता समिति, सहकारी संस्था, टोल विकास संस्था लगायतका संस्थाहरूसँग नगरपालिकाले सम्झौताका आधारमा मात्र कुनै पनि प्रकारको अध्ययन, सर्भेक्षण वा कार्यक्रम सञ्चालन गर्नेछ ।

नगरपालिकामा सबै वर्गक्षेत्र, समुदायबाट छानिएर आएका आयोजनाहरूलाई वर्गीकरण गरी आयोजना दस्तावेजहरू व्यवस्थित तरिकाले आयोजना बैङ्कमा राखिनेछन् । कार्यान्वयनका लागि योजना छनौट गर्दा आयोजना बैंकबाट प्रस्ताव गर्नु पर्नेछ । आयोजना बैंक स्थापनालाई प्राथमिकताका साथ आवधिक योजनाको पहिलो वर्षमा गरिनेछ ।

यस नगर यातायात योजनाका नतिजाहरू आगामी ५ वर्षमा हासिल हुने गरी प्रमुख कार्यक्रम तथा योजना खाकामा उल्लेख गरिएका छन् । स्थानीय सरकार सञ्चालन ऐनको दफा (१४) उपदफा (१) को व्यवस्था वमोजिम काम, कारवाही व्यवस्थित गर्न र दफा (६७) बमोजिम बजेट तथा कार्यक्रम तर्जुमा प्रकृयालाई समेत सहजीकरण गर्ने उद्देश्यले नगरपालिकामा रहेका विषयगत समितिहरूले नगर यातायात योजनाको लक्ष्य पूराहुने गरी वार्षिक योजना तर्जुमाका लागि टोल/वस्तीहरूमा योजना माग/अनुरोध फारम वितरण र नागरिक भेला वा सामुदायिक भेला वा वडा भेला आयोजना गर्न सहजीकरण र समन्वय गर्नेछन् ।

## ४.२ अनुगमन तथा प्रतिवेदन

यस नगर यातायात योजनाको सफल कार्यान्वयनको लागि नियमित अनुगमन अनिवार्य हुन्छ । योजनाका कार्यक्रम र गतिविधिहरूको कार्यान्वयनको परिणाम तथा असर तहसम्मको उपलब्धिको अनुगमन तथा मूल्याङ्कन गरिने छ । असर तहको नतिजा मापनको लागि असरकेन्द्रित सूचकहरू (आवधिक नगर विकास योजनाको तालिका ३.१: नतिजा, सूचक, आधार वर्षको अवस्था र लक्ष्य) स्थापित गरिएका छन्) । कार्यान्वयन चरणमा आउन सक्ने समस्या तथा बाधाहरूको पहिचान र न्यूनीकरण गर्दै लक्ष्य हासिल गर्न आवश्यक पृष्ठपोषणका लागि सूचना सङ्कलन, विश्लेषण तथा प्रस्तुतिको जिम्मेवारी बाँडफाट, स्रोत र कार्यान्वयनमा लाग्ने समयसमेतको छुट्टै कार्ययोजना तयार गरिने छ ।

नगरपालिकाले तोकेको विधि तथा प्रकृया अनुसार कार्यक्रमहरूको अनुगमन गरी सोको आधारमा वार्षिक प्रगति अनुगमन गरिने छ । अनुगमन कार्ययोजनालाई सहयोग पुग्ने गरी सूचना सङ्कलन, प्रशोधन एवम् विश्लेषणको लागि प्रतिवेदन लिने र दिने जिम्मेवारी किटान गरिने छ ।

## ४.३ मध्यावधि मूल्याङ्कन

योजना कार्यान्वयनको तीन वर्ष पछि योजनाको मध्यावधि मूल्याङ्कन गरिनेछ। मध्यावधि मूल्याङ्कन गर्दा मूल्याङ्कन अवधिमा हासिल भएका परिमाणात्मक तथा गुणात्मक उपलब्धि एवम् कार्यान्वयन सम्बन्धी समस्या र कमजोरीको वस्तुगत विश्लेषण गरिनेछ। मूल्याङ्कन अवधिमा भएका कानुनी एवम् नीतिगत परिवर्तन, उपलब्ध स्रोत साधन समेतको समीक्षा गरी प्राप्त सुझावका आधारमा आवश्यकता अनुसार विद्यमान व्यवस्थापनको समीक्षाका साथ योजना कार्यान्वयनको बाँकी अवधिका लागि उद्देश्य तथा नतिजाहरू परिमार्जन गरिनेछ।

## ४.४ अन्तिम मूल्याङ्कन

प्रस्तुत योजना कार्यान्वयनको मध्यावधि मूल्याङ्कको प्रतिवेदनको आधार र योजना अवधि समाप्त भएपछि ६ महिना पश्चात तेस्रो पक्षबाट अन्तिम मूल्याङ्कन गरिनेछ। मूल्याङ्कनबाट प्राप्त नतिजा तथा पृष्ठपोषणलाई आगामी नगर यातायात योजना लगायत अन्य योजनाको तर्जुमाको आधारको रूपमा लिइनेछ।

# अनुसूची- १

## सडक पूर्वाधार नतिजा, सूचक तथा कार्यक्रम र बजेट

### १.१ नतिजा तथा सूचक

| क्र. सं. | नतिजा | सूचक | एकाई | आधार वर्षको अवस्था (२०७९/८०) | आवधिक योजनाको अन्त्यको स्थिति (२०८५/८६) |
|---|---|---|---|---|---|
| | **उद्देश्यः सुरक्षित सडक पूर्वाधार निर्माण गर्नु ।** | | | | |
| १ | नगरपालिका भित्र सडक तथा सहायक सड़क पूर्वाधार विस्तार भएको हुनेछ | कालोपत्रे सडक | किमी | ४५ | ९५ |
| | | ग्राभेल सडक | किमी | ३७ | ११२ |
| | | नयाँ ट्र्याक | किमी | १२५ | १७५ |
| | | वायो ईन्जिनियरिङ्ग प्रविधिको प्रयोग भएको सडक | किमी | - | १५ |
| | | सड़क तथा झोलुङ्गे पुल | संख्या | ४ | १४ |

### १.२ प्रमुख कार्यक्रम र बजेट

| क्र. सं. | कार्यक्रम | नयाँ/ क्रमागत | एकाइ | परिमाण | वडा नं. /स्थल | बजेट अनुमान (रु ००० मा) |
|---|---|---|---|---|---|---|
| **नतिजा क्षेत्र १: नगरपालिका भित्र सडक तथा सहायक सड़क पूर्वाधार विस्तार भएको हुनेछ** | | | | | | |
| **१** | **सडक कालोपत्रे योजना** | नयाँ | किलोमिटर | ५० | सबै वडा | ७४०००० |
| १.१ | हिगुवापाटी देउपुर नाल्दुम | | | | | |
| १.२ | फेदी चइण्डेनी छाप | | | | | |
| १.३ | डुम्रीडाँडा सिपाघाट | | | | | |
| १.४ | महादेवस्थान चण्डेनी कोलाचौर | | | | | |
| १.५ | नर्सरी पौवाटार जैमाने | | | | | |
| १.६ | गैह्रिगाउँ ढाँडागाउँ कार्तिके | | | | | |
| १.७ | ट्यांकी डाँडा माने हिले तिरतिरे | | | | | |
| १.८ | गोठ डाँडा खाटेचौर सल्लेवास | | | | | |
| १.९ | गैह्रिविसौना उद्योग ग्राम पौवाटार | | | | | |
| १.१० | कोलाचौर भिमटार | | | | | |
| १.११ | आँपघारी गणेशथुम्की चण्डेनी | | | | | |
| १.१२ | ढाँडागाउँ देवीस्थान १ नं वडा कार्यालय | | | | | |

| क्र. सं. | कार्यक्रम | नयाँ/ क्रमागत | एकाइ | परिमाण | वडा नं. /स्थल | बजेट अनुमान (रु ००० मा) |
|---|---|---|---|---|---|---|
| १.१३ | फेदी ढाइटार हाँडीखोला पौवाटार | | | | | |
| १.१४ | वालुवापाटी चित्ते | | | | | |
| १.१५ | नर्वन्दा खर्क जितारीपोखरी | | | | | |
| १.१६ | फुलको बोट कालिका स्थान सिमलेपाटी | | | | | |
| १.१७ | कुन्तावेशी-सर्वझाङ्ग-नयाँगाउ-नाला | | | | | |
| १.१८ | पिपलवोट सर्वझाङ्ग ढाइटा | | | | | |
| १.१९ | जैसीथोक छिनेको पैरो | | | | | |
| १.२० | नगरकोट-भंगेरी-ठकुरीगाऊ-दुइघरे रोहिणीभञ्याङ्ग | | | | | |
| १.२१ | छाप-सालविसौना | | | | | |
| १.२२ | भतेरे-दोबाटो भिमटार | | | | | |
| १.२३ | जुकेपानी-काफलचौर | | | | | |
| **२** | **ग्राभेल सडक योजना** | नयाँ | किलोमिटर | ७५ | सबै वडा | १५९००० |
| २.१ | फेदी चइण्डेनी छाप | क्रमागत | | | | |
| २.२ | महादेवस्थान चण्डेनी कोलाचौर | | | | | |
| २.३ | डाँडा गाउँ जुडीगाउँ ढाइटार | | | | | |
| २.४ | पिपलवोट सर्वझाङ्ग ढाइटार | | | | | |
| २.५ | नर्वन्दा खर्क जितारीपोखरी | | | | | |
| २.६ | बालुवापाटी रानीवन गिरधरे चुरीथुम्का | | | | | |
| २.७ | ट्यांकी डाँडा घुमाउने चौर | | | | | |
| २.८ | भंगेरी रोहिणी ढुलीचौर | | | | | |
| २.९ | सिमखेत सिंगे चित्ते मेसागाउँ | | | | | |
| २.१० | चैनपुर सालठाटी जैमाने | | | | | |
| २.११ | घुमाउने खानी गाउँ सल्लेवास | | | | | |
| २.१२ | ढकालथोक भाँगेटार चुरीथुम्का | | | | | |
| २.१३ | तिनकुने ढकालथोक महांकाल | | | | | |
| २.१४ | झगरपुर कालिकास्थान | | | | | |
| २.१५ | झगरपुर उद्योगग्राम | | | | | |
| २.१६ | हाँडीखोला सालठाटी | | | | | |
| २.१७ | राम्चे झगरे डाँडा रामपुर | | | | | |
| २.१८ | पचासकिलो कोलाचौर | | | | | |

| क्र. सं. | कार्यक्रम | नयाँ/ क्रमागत | एकाइ | परिमाण | वडा नं. /स्थल | बजेट अनुमान (रु ००० मा) |
|---|---|---|---|---|---|---|
| २.१९ | बयरवोट कुकुरमारे बर्देउ जैमाने | | | | | |
| २.२० | छाप साल विसौना | | | | | |
| २.२१ | रामपुर ढुलडिही | | | | | |
| २.२२ | रामपुर-झगडेडाँडा | | | | | |
| २.२३ | ईटेंपानी-सालविसौना-कोलाचौर | | | | | |
| २.२४ | कोलाचौर-चण्डेनी वागदेवी | | | | | |
| २.२५ | ठुल्डी-ईन्द्रावती | | | | | |
| २.२६ | कोइरोविडी-इन्द्रावती | | | | | |
| २.२७ | राउते-इन्द्रावती | | | | | |
| २.२८ | रामपुर रिठ्ठेखोला-ठूल्डी | | | | | |
| **३** | **नयाँ सडक ट्र्याक निर्माण** | क्रमागत | कि.मि. | ५० | | ७५००० |
| ४ | **झोलुङ्गे पुल निर्माण** | नयाँ | संख्या | ४ | | प्रदेश सरकारले कार्यान्वयन गर्ने |
| ४.१ | इन्द्रवती झो पु वडा नं ९ | | | | | |
| ४.२ | खर्क झो पु वडा नं ६ | | | | | |
| ४.३ | चाखोला झो पु राम्चे वडा नं ११ | | | | | |
| ४.४ | चुरीथुम्का पञ्चपाले पर्यटकीय झो पु वडा नं १ | | | | | |
| **५** | **सडक पुल निर्माण** | नयाँ | संख्या | ६ | | प्रदेश सरकारले कार्यान्वयन गर्ने |
| ५.१ | कुकुरमारे | | | | | |
| ५.२ | सिंगे चित्ते | | | | | |
| ५.३ | ह्वाङ्गह्वाङ्गे नर्वन्दा | | | | | |
| ५.४ | पचास किलो | | | | | |
| ५.५ | फेदी फलिटवोट | | | | | |
| ५.६ | आँशीखोला | | | | | |
| ६ | **अन्य** | | | | | |
| ६.१ | वायोईन्जिनियरिङ्ग प्रविधिको प्रयोग | नयाँ | किमी | १५ | मुख्य सड़कहरु | ५००० |
| ६.२ | सडक क्षेत्राधिकार जग्गाको अभिलेखीकिरण र स्वामित्व हस्तान्तरण | नयाँ | कित्ता | ५०० | मुख्य सड़कहरु | १००० |
| | **जम्मा** | | | | | **९८००००** |

## सन्दर्भ सामग्री

१. जिल्ला बस्तुगत विवरण, काभ्रेपलाञ्चोक, २०७४, केन्द्रीय तथ्यांक कार्यालय
२. दोस्रो आवधिक योजना, २०८१, बागमती प्रदेश सरकार
३. नगर यातायात गुरुयोजना, २०७६, मण्डनदेउपुर नगरपालिका
४. मण्डनदेउपुर नगरपालिकाका नीति तथा कार्यक्रम र बजेट पुस्तिकाहरु
५. मण्डनदेउपुर नगरपालिकाको वेव साइट
६. मण्डनदेउपुर नगरपालिकामा उपलव्ध विवरण (प्रकाशन भएका/प्रकाशन नभएका)
७. राष्ट्रिय जनगणना, २०७८, केन्द्रीय तथ्यांक कार्यालय
८. सम्वृद्धिको यात्रामा मण्डनदेउपुर नगरपालिका, पाँच वर्षे उपलब्धिहरु (२०७४-२०७८)
९. स्थानीय सरकार संचालन ऐन, २०७४